चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

मिति :- २०८१/१२/१७ गते
समय :- बिहान ठीक ११:०० बजेदेखि
स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ४६ औं बैठक नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

अन्य

१. देव बहादुर बस्नेत - प्रशासन सहायक

## मिति २०८१/१२/१७ गतेको नगर कार्यपालिकाको ४६ औं बैठकमा पेस भएका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव। | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने। | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिकामार्फत् बजेट विनियोजन भइ कार्यान्वनयमा भइरहेका योजना तथा कार्यक्रमहरूको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने। | |
| ३ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिकाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८१ स्वीकृत गरी कार्यान्वयन गर्ने। | |
| ४ | उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सामाजिक सशक्तिकरण कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रस्ताव | जहारीखोला हरित कृषि आयआर्जन कार्यक्रम प्रस्ताव माग र अग्ला डाँडामा रिजार्ज पोखरी निर्माण कार्यक्रम तोकिएका वडा र स्थानहरूमा सम्बन्धित लाभग्राहीहरूसँग सम्झौता गरी कार्यान्वयन गर्ने। | |
| ५ | आयव्यय सार्वजनिक गर्ने सम्बन्धी प्रस्ताव | २०८१ साउन १ गतेदेखि हालसम्मको <u>अनुसूची-१</u> बमोजिम प्राप्त आम्दानी र खर्चको विवरण अनुमोदन गरी सार्वजनिक गर्ने | |
| ६ | आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन समीक्षा सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९ बमोजिम तोकिएका निर्देशनहरू कार्यान्वयन भए / नभएको सम्बन्धमा समीक्षा गर्नुका साथै आगामी दिनमा उक्त निर्देशिकाको पूर्ण पालना गर्ने। | |
| ७ | आन्तरिक राजश्व सङ्कलनलाई थप व्यस्थित गर्ने सम्बन्धी प्रस्ताव | वडा कार्यालय र नगरपालिका कार्यालयबाट हुने सेवामा मालपोत कर, सम्पत्ति कर लगायतका करहरूलाई अभियानको रूपमा नियमित कर तिर्ने व्यवस्था मिलाउने। | |
| ८ | जनप्रतिनिधिका तीन वर्ष समेटिएको प्रगति प्रतिवेदन तयार गर्ने सम्बन्धी प्रस्ताव | 'जनप्रतिनिधिका तीन वर्ष' शीर्षकको प्रतिवेदन सार्वजनिक गर्ने प्रयोजनका लागि सबै वडा कार्यालयहरूले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यस्थापन र संस्थागत विकास तथा सुशासनका क्षेत्रसँग सम्बन्धित विवरण पेस गर्ने। | |
| ९ | सार्वजनिक सुनुवाइ गर्ने सम्बन्धी प्रस्ताव | सम्बन्धित विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा पदाधिकारी समेतको उपस्थितिमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्थाअनुसार सार्वजनिक सुनुवाइ गर्ने। | |

...प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १० | आयोजनाहरूको हस्तान्तरण तथा उदघाटन गर्ने सम्बन्धी प्रस्ताव | आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्थाअनुसार आयोजनाहरू हस्तान्तरण गरी सम्बन्धित वडा कार्यालयले व्यापक जनसहभागितासहितको कार्यक्रम आयोजना गरी आयोजना उदघाटन गर्ने व्यवस्था मिलाउने । | |
| ११ | क्रसर सञ्चालनको अनुमति सम्बन्धी प्रस्ताव | SKY-T.D.R.-SINGH J.V. लाई ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन् क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ को दफा ३ बमोजिम तोकिएको सर्त पालना गर्ने गरी अस्थायी अनुमति प्रदान गर्ने । | |
| १२ | बालविकास शिक्षक अनुदान कोटा प्रदान गर्ने सम्बन्धी प्रस्ताव | श्री हिमालय माध्यमिक विद्यालय खोलागाउँ चौरजहारी नगरपालिका-११ मा बालविकास नगर शिक्षक कोटा प्रदान गर्ने । | |
| १३ | बजेट कार्यान्वयन सम्बन्धी प्रस्ताव | जग्गा व्यवस्था लगायतका कारण दुग्ध सङ्कलन केन्द्र निर्माण (चिलिङ्ग भ्याट खरिद तथा जडान समेत) शीर्षकको बजेट अन्तर्गत दुग्ध सङ्कलन केन्द्र भवन निर्माण कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिमार्फत् गर्ने । | |
| १४ | आयोजनाको ठेगाना संसोधनका लागि सिफारिस गर्ने सम्बन्धी प्रस्ताव | अमलाटाकुरा पोखरी सिंचाइ चौ.न.पा.-७ भएकोमा अमलाटाकुरा पोखरी सिंचाइ चौ.न.पा.-४, रुकुम (पश्चिम) कायम गरी कार्यान्वनय गर्न सिफारिस गर्ने । | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

## मिति २०८१/१२/१७ गतेको ४६ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू

**निर्णय नं. १ : प्रस्ताव नं. १ 'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो। साथै यस अधिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ :** प्रस्ताव नं. **३ 'विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकामा सम्भावित प्रकोपका घटनाबाट सृजित हुने विपद्को सामना गर्न तथा विपद्बाट हुन सक्ने जनधनको क्षति कम गर्न स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्दै विभिन्न निकायसंगको समन्वय र सहकार्यमा प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी तथा जवाफदेही ढङ्गले जनधनको क्षति कम गर्न र मानवीय सहयोग उपलब्ध गराउने कार्यलाई व्यवस्थित गर्न UNICEF सँगको सहकार्यमा तयार गरिएको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८१ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सामाजिक सशक्तिकरण कार्यक्रम कार्यान्वयन सम्बन्धमा'** छलफल गर्दा यस सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १७८ मिति २०८१/११/१५ गतेको बजेट विनियोजन सम्बन्धको पत्रानुसार यस चौरजहारी नगरपालिले उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सामाजिक सशक्तिकरण कार्यक्रम सञ्चालनका लागि पेस गरेको प्रस्तावमा जहारीखोला हरित कृषि आयआर्जन कार्यक्रमका लागि रु. २० लाख र अग्ला डाँडामा रिजार्ज पोखरी निर्माण कार्यक्रमका लागि रु. १५ लाख बजेट स्वीकृत भइ आएकोले उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सामाजिक सशक्तिकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ अनुसार हुनेगरी देहायबमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

**तपसिल**

| क्र स | कार्यक्रम | कार्यान्वयन प्रक्रिया र स्थान | रकम |
|---|---|---|---|
| १ | जहारीखोला हरित कृषि आयआर्जन कार्यक्रम | जहारीखोला हरित कृषि आयआर्जन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम चौरजहारी नगरपालिका-१३, रुकुम (पश्चिम)। | २० लाख |
| २ | अग्ला डाँडामा रिजार्ज पोखरी निर्माण कार्यक्रम | चौरजहारी नगरपालिका-४ अमलाटाकुराको सिद्धि खर्कमा सम्बन्धित लाभग्राहीसँग सम्झौता गरी पोखरी निर्माण गर्ने। | ५ लाख |
| | | चौरजहारी नगरपालिका-६ घर्तीकाँडामा सम्बन्धित लाभग्राहीहरूसँग सम्झौता गरी पोखरी निर्माण गर्ने। | ५ लाख |
| | | चौरजहारी नगरपालिका-११ नेप्टेकाँडामा सम्बन्धित लाभग्राहीहरूसँग सम्झौता गरी पोखरी निर्माण गर्ने। | ५ लाख |

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ **'आयव्यय सार्वजनिक गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमअनुसार विनियोजन भएका विभिन्न कार्यक्रमहरू कार्यान्वनयका लागि २०८१ साउन १ गतेदेखि हालसम्मको **अनुसूची-१** बमोजिम प्राप्त आम्दानी र खर्चको विवरण अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ **'आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन समीक्षा सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा नगरपालिकाबाट सम्पादन गरिने कार्यमा आर्थिक मितव्ययीता, प्रभावकारीता, नियमितता र कार्यदक्षताको पूर्ण ढङ्गले सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुनबमोजिम कार्यसम्पादन गर्न जारी गरिएको यस चौरजहारी नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९ बमोजिम तोकिएका निर्देशनहरू कार्यान्वयन भए / नभएको सम्बन्धमा समीक्षा गर्नुका साथै आगामी दिनमा उक्त निर्देशिकाको पूर्ण पालना गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** : प्रस्ताव नं. ७ **'आन्तरिक राजश्व सङ्कलनलाई थप व्यस्थित गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ को आन्तरिक राजश्वको लक्ष्यबमोजिमको प्रगति हासिल गर्न र आन्तरिक राजश्वको सक्षमता अभिवृद्धि गर्न राजश्व सङ्कन गर्ने कार्यलाई व्यवस्थित गर्न वडा कार्यालय र नगरपालिका कार्यालयबाट हुने सेवामा मालपोत कर, सम्पत्ति कर लगायतका करहरूलाई अभियानको रूपमा नियमित कर तिर्ने व्यवस्था वडा कार्यालय र राजश्व उपशाखाले सञ्चालन गर्ने निर्णय गरियो।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

**निर्णय नं. ८** : प्रस्ताव नं. ८ **'जनप्रतिनिधिका तीन वर्ष समेटिएको प्रगति प्रतिवेदन तयार गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा स्थानीय तहको दोस्रो निर्वाचन भएको तीन वर्ष पूरा भएको अवसरमा यस चौरजहारी नगरपालिकाको आफ्नै बजेट र स्थानीय सरकारको पहलमा संघ र प्रदेश सरकारका साथै गैरसरकारी सङ्घसंस्थाबाट तीन वर्षमा सम्पादन गरेका कार्यहरू समेटर 'जनप्रतिनिधिका तीन वर्ष' शीर्षकको प्रतिवेदन सार्वजनिक गर्ने प्रयोजनका लागि सबै वडा कार्यालयहरूले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यस्थापन र संस्थागत विकास तथा सुशासनका क्षेत्रसँग सम्बन्धित तथ्याङ्कमा आधारित विवरण नगरपालिका कार्यालयले तोकेको ढाँचामा सबै वडा कार्यालय र सम्बन्धित शाखाहरूले तयार गरी २०८१ चैत्र मसान्तभित्र प्रशासन, योजना तथा अनुगमन शाखामा पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ९** : प्रस्ताव नं. ९ **'सार्वजनिक सुनुवाइ गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३० बमोजिम कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ट बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानुनसम्मत सरोकारलाई सम्बोधन गर्न सम्बन्धित विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा पदाधिकारी समेतको उपस्थितिमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्थाअनुसार श्री हिमालय माध्यमिक विद्यालय खोलागाउँ, चौरजहारी नगरपालिका नगर कार्यपालिकाको प्राङ्गनमा सार्वजनिक सुनुवाइ गर्ने निर्णय गरियो।

**निर्णय नं. १०** : प्रस्ताव नं. १० **'आयोजनाहरूको हस्तान्तरण तथा उदघाटन गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिको वार्षिक स्वीकृत तथा बजेट कार्यक्रमअनुसार निर्माण भएका भवन, सिंचाइ, खानेपानी, सडक, पुल लगायतका आयोजनाहरूको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्जनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्थाअनुसार आयोजनाहरू हस्तान्तरण गरी सम्बन्धित वडा कार्यालयले व्यापक जनसहभागितासहितको कार्यक्रम आयोजना गरी आयोजना उदघाटन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं. ११** : प्रस्ताव नं. ११ **'क्रसर सञ्चालनको अनुमति सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा नेपाल सरकार भवन विभाग सङ्घीय आयोजना कार्यान्वयन इकाइ सुर्खेतसँग SKY-T.D.R.-SINGH J.V. ले Infrastructure Development Work for Rukum Chaurjahari Hospital, Rukum (Contract No. FPIU/Surkhet/ WORKS/NCB/37(b)/78-79 निर्माण कार्यका लागि सम्झौता गरेको र उक्त संरचना निर्माण कार्यमा प्रयोग हुने रोडा, बालुवा, गिट्टी, चिप्स, वेश, सववेश आदि उत्पादनको लागि चौरजहारी नगरपालिका-२ को छोटेबगरमा क्रसर सञ्चालनका लागि SKY-T.D.R.-SINGH J.V. ले अनुमति माग गरेको ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन् क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ को दफा ३ बमोजिम तोकिएको सर्त पालना गर्ने गरी अस्थायी अनुमति प्रदान गर्ने निर्णय गरियो।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

**निर्णय नं. १२** : प्रस्ताव नं. १२ **'बालविकास शिक्षक अनुदान कोटा प्रदान गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा श्री हिमालय माध्यमिक विद्यालय खोलागाउँ चौरजहारी नगरपालिका-११ मा बालविकास कक्षामा विद्यार्थीको सङ्ख्या धेरै भइ मौज्दात् बालविकास शिक्षकबाट मात्रै विद्यार्थीहरूको पठनपाठन सञ्चालन गर्न समस्या भएकोले शैक्षिक सत्र २०८२ देखि बालविकास शिक्षक कोटा प्रदान गर्ने र उक्त कोटामा चौरजहारी नगरपालिकाको करार शिक्षक भर्नासम्बन्धी मापदण्ड, २०७६ को दफा ५क बमोजिम नगरपालिकाले जगेडा शिक्षकका लागि खुला विज्ञापन आह्वान गरी तयार गरेको बालविकास जगेडा शिक्षकको सूचीबाट प्राथमिकताक्रमका आधारमा करार नियुक्ति दिइ खटाउने निर्णय गरियो ।

**निर्णय नं. १३** : प्रस्ताव नं. १३ **'बजेट कार्यान्वयन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ मा यस चौरजहारी नगरपालिकालाई सङ्घ सरकारबाट दुग्ध सङ्कलन केन्द्र निर्माण (चिलिङ्ग भ्याट खरिद तथा जडान समेत) शीर्षकमा रु. १ करोड बजेट विनियोजन भएकोमा मिति २०८१ माघ ७ गते बसेको २० औं नगरसभाले दुग्ध सङ्कलन केन्द्र भवन तथा पूर्वाधार निर्माण चौरजहारी -११ का लागि ६९ लाख, चिलिङ् भ्याट खरिद चौरजहारी नगरपालिका-११ का लागि १५ लाख ५० हजार र चिलिङ् भ्याट खरिद चौरजहारी नगरपालिका-३ का लागि १५ लाख ५० हजार रकम ब्रेकडाउन गरी कार्यान्वयन गर्ने निर्णय गरेकोले जग्गा व्यवस्था लगायतका कारण बजेट कार्यान्वनयमा ढिलाइ हुन गएकोले दुग्ध सङ्कन केन्द्र भवन निर्माणमा लामो समय लाग्ने हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उक्त भवन निर्माणको काम उपभोक्ता समितिमार्फत् कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** : प्रस्ताव नं. १४ **'आयोजनाको ठेगाना संसोधनका लागि सिफारिस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा कर्णाली प्रदेश सरकारबाट यस चौरजहारी नगरपालिका क्षेत्रभित्र आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयन गर्ने तपसिलबमोजिमको आयोजनामा ठेगाना फरक परेकोले देहायबमोजिम कायम गरी कार्यान्वयन गर्न सम्बन्धित कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | आयोजनाको नाम | संशोधन गर्नुपर्ने ठेगाना |
|---|---|---|
| १ | अमलाटाकुरा पोखरी सिंचाइ चौ.न.पा.-७ | अमलाटाकुरा पोखरी सिंचाइ चौ.न.पा.-४, रुकुम (पश्चिम) |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

अनुसूची - १

(निर्णय नं. ५ सँग सम्बन्धित)

# चौरजहारी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, रुकुम

**कार्यालयको कोड : ८०६५९४०२३००**

### आय व्ययको बिबरण

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/१२/१७

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ३८,१९,७९,०००.०० | २६,२८,८३,९१०.०० | ६८.८१ | ११,९०,९५,०९०.०० |
| १३३११ समानिकरण अनुदान | १०,०९,००,०००.०० | ६,३८,०९,१६०.०० | ६३.२४ | ३,७०,९०,८४०.०० |
| १३३१२ शसर्त अनुदान चालु | २३,९९,७९,०००.०० | १७,१३,२४,७५०.०० | ७१.३९ | ६,८६,५४,२५०.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ३,१६,००,०००.०० | २,३०,००,०००.०० | ७२.७८ | ८६,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ९५,००,०००.०० | ४७,५०,०००.०० | ५० | ४७,५०,०००.०० |
| प्रदेश सरकार | ८,०९,८३,०००.०० | २,५६,२७,२५०.०० | ३१.६५ | ५,५३,५५,७५०.०० |
| १३३११ समानिकरण अनुदान | १,१३,१३,०००.०० | ८४,८४,७५०.०० | ७५ | २८,२८,२५०.०० |
| १३३१२ शसर्त अनुदान चालु | २१,७०,०००.०० | ११,४२,५००.०० | ५२.६५ | १०,२७,५००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ५,९५,००,०००.०० | १,६०,००,०००.०० | २६.८९ | ४,३५,००,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ३०,००,०००.०० | ०.०० | ० | ३०,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ५०,००,०००.०० | ०.०० | ० | ५०,००,०००.०० |
| राजस्व बाडफाड | १०,७७,६२,९४२.०० | ६,७६,८९,०८३.२६ | ६२.८१ | ४,००,७३,८५८.७४ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ३५,००,०००.०० | ३८,२९,९५४.८० | १०९.४३ | (३,२९,९५४.८०) |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,३७,२२,८०४.०० | ४,२६,९२,३२२.८३ | ५७.९१ | ३,१०,३०,४८१.१७ |
| ११४२१ बाँडफाँड भ्ंइ प्राप्त हुने अन्त:शुल्क | २,६७,७७,१९६.०० | १,९१,१३,४१४.०७ | ७१.३८ | ७६,६३,७८१.९३ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १२,३२,९४२.०० | ३,४०,४७३.०० | २७.६१ | ८,९२,४६९.०० |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ३०,०००.०० | ०.०० | ० | ३०,०००.०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २५,००,०००.०० | १७,१२,९१८.५६ | ६८.५२ | ७,८७,०८१.४४ |
| अन्तरिक श्रोत | ४,७६,९७,०००.०० | ४,३१,४६,५५३.७६ | ९०.४६ | ४५,५०,४४६.२४ |
| ११३१४ भुमिकर/मालपोत | ३१,००,०००.०० | १५,१३,२०४.२५ | ४८.८१ | १५,८६,७९५.७५ |
| ११३१७ वहाल कर | ५,००,०००.०० | ४,०३,३६१.१३ | ८०.६७ | ९६,६३८.८७ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ३,५०,०००.०० | १,३५,०००.०० | ३८.५७ | २,१५,०००.०० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २०,०००.०० | ०.०० | ० | २०,०००.०० |
| ११४७९ अन्य मनोरञ्जन कर | ४०,०००.०० | ६०,०००.०० | १५० | (२०,०००.००) |
| ११६२१ व्यवसाय बाहेक अन्यले | ३०,०००.०० | ०.०० | ० | ३०,०००.०० |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ४३,१४,११,९४२.०० | २३,१०,८३,१३९.४८ | ५३.५६ | २०,०३,२८,८०२.५२ |
| २११११ पारिश्रमिक कर्मचारी | १९,५२,५१,०००.०० | १२,६६,६५,८०२.४८ | ६४.८७ | ६,८५,८५,१९७.५२ |
| २११२१ पोशाक | २४,७३,०००.०० | ०.०० | ० | २४,७३,०००.०० |
| २११२३ औषधीउपचार खर्च | ४८,५६,०००.०० | ४४,६७,६००.०० | ९२ | ३,८८,४००.०० |
| २११३१ स्थानीय भत्ता | ४०,१०,०००.०० | २६,४९,०२५.०० | ६६.०६ | १३,६०,९७५.०० |
| २११३२ महंगी भत्ता | १२,००,०००.०० | ६,५२,०००.०० | ५४.३३ | ५,४८,०००.०० |
| २११३३ फिल्ड भत्ता | ५६,०००.०० | ०.०० | ० | ५६,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | २,५६,०००.०० | १,६२,७००.०० | ६३.५५ | ९३,३००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ४,७०,०००.०० | १६,५००.०० | ३.५१ | ४,५३,५००.०० |
| २११३९ अन्य भत्ता | २४,८०,०००.०० | ११,०७,९५३.०० | ४४.६८ | १३,७२,०४७.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ३,३८,०००.०० | ३,१८,०००.०० | ९४.०८ | २०,०००.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | १,२८,६५,०००.०० | ६२,६०,६९०.०० | ४८.६६ | ६६,०४,३१०.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २२१११ पानी तथा बिजुली | २०,००,०००.०० | १४,५४,७३९.०० | ७२.७३ | ५,४५,२६१.०० |
| २२११२ संचार महसुल | १६,००,०००.०० | ३,१७,६५२.०० | १९.८५ | १२,८२,३४८.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १,२६,२३,०००.०० | ७१,८७,३०८.०० | ५६.९४ | ५४,३५,६९२.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ७०,००,०००.०० | ३३,६२,३११.०० | ४८.०३ | ३६,३७,६८९.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | २१,२५,०००.०० | १४,२२,१५४.०० | ६६.९२ | ७,०२,८४६.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ९,९०,०००.०० | १,९५,९५०.०० | १९.७९ | ७,९४,०५०.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १४,४५,०००.०० | ४,१५,०३७.०० | २८.७२ | १०,२९,९६३.०० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | १,५०,०००.०० | ०.०० | ० | १,५०,०००.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | २१,५०,०००.०० | १४,१८,०४४.०० | ६५.९५ | ७,३१,९५६.०० |
| २२३१२ पशुपंक्षीहरूको आहार | १,५०,०००.०० | १,४९,०००.०० | ९९.३३ | १,०००.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ५८,६५,०००.०० | ३५,२१,७३२.०० | ६०.०५ | २३,४३,२६८.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १,६०,०००.०० | ११,५००.०० | ७.१९ | १,४८,५००.०० |

नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

# चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, रुकुम
कार्यालयको कोड : ८०६५९४०२३००

### आय व्ययको बिबरण

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/१२/१७

| आय | | | | |
|---|---|---|---|---|
| भुक्तानी गर्ने | | | | |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५२,०००.०० | ७८,२५८.०० | १५०.५ | (२६,२५८.००) |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | २०,०००.०० | ०.०० | ० | २०,०००.०० |
| ११६९१ अन्य कर | ५०,०००.०० | २,५००.०० | ५ | ४७,५००.०० |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | १,५०,०००.०० | १४,११९.२७ | ९.४१ | १,३५,८८०.७३ |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| १४२२१ न्यायिक दस्तूर | ६०,०००.०० | ४७,०३४.५० | ७८.३९ | १२,९६५.५० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | १,००,०००.०० | ५००.०० | ०.५ | ९९,५००.०० |
| १४२२४ परीक्षा शुल्क | ५०,०००.०० | ४०,७००.०० | ८१.४ | ९,३००.०० |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | १,२०,००,०००.०० | ८४,६५,४९०.०० | ७०.५५ | ३५,३४,५१०.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १७,००,०००.०० | ८,३५,७९८.०० | ४९.१६ | ८,६४,२०२.०० |
| १४२४१ पार्किङ्ग शुल्क | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | ९,००,०००.०० | ६,४१,१४०.४५ | ७१.२३ | २,५८,८५९.५५ |
| १४२४३ सिफारिश दस्तुर | १७,००,०००.०० | १८,८८,७६०.०० | १११.१ | (१,८८,७६०.००) |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३,००,०००.०० | २,४५,३००.०० | ८१.७७ | ५४,७००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १,००,०००.०० | १,०६,५००.०० | १०६.५ | (६,५००.००) |
| १४२४९ अन्य दस्तुर | ६,५०,०००.०० | १,२९,१६३.०० | १९.८७ | ५,२०,८३७.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १२,००,०००.०० | ३९,०००.०० | ३.२५ | ११,६१,०००.०० |
| १४२५४ रेडियो/एफ.एम.सञ्चालन दस्तुर | २०,०००.०० | ०.०० | ० | २०,०००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | ६,००,०००.०० | ९१,०००.०० | १५.१७ | ५,०९,०००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| १४३१३ धरौटी सदरस्याहा | ५,००,०००.०० | १,८४,६७९.०० | ३६.९४ | ३,१५,३२१.०० |
| १४५२९ अन्य राजस्व | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| १४६११ व्यवसाय कर | १,००,०००.०० | ९,७२,१००.०० | ९७२.१ | (८,७२,१००.००) |
| १५१११ बेरूजू | ६,००,०००.०० | ४,८१,५५१.०० | ८०.२६ | १,१८,४४९.०० |

| व्यय | | | | |
|---|---|---|---|---|
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १४,३८,०००.०० | ५,०४,१२५.०० | ३५.०६ | ९,३३,८७५.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ३३,५४,०००.०० | १६,५५,६००.०० | ४९.३६ | १६,९८,४००.०० |
| २२४११ सेवा र परामर्श खर्च | ५,००,०००.०० | ७०,०००.०० | १४ | ४,३०,०००.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २२४१३ करार सेवा शुल्क | ७,५३,३९,०००.०० | ३,७४,२७,३९९.०० | ४९.६८ | ३,७९,११,६०१.०० |
| २२४१४ सरसफाईसेवा शुल्क | २,००,०००.०० | २,००,०००.०० | १०० | ०.०० |
| २२४१९ अन्य सेवा शुल्क | १,७२,०००.०० | ३३,४७०.०० | १९.४६ | १,३८,५३०.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ६,३५,०००.०० | ०.०० | ० | ६,३५,०००.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १०,००,०००.०० | ४१,९४२.०० | ४.१९ | ९,५८,०५८.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ५,८२,९४२.०० | ५,२४,८०५.०० | ९०.०३ | ५८,१३७.०० |
| २२५२२ कार्यक्रम खर्च | ४,०२,९८,०००.०० | १,२०,९६,९८८.०० | ३०.०२ | २,८२,०१,०१२.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | ६५,२५,०००.०० | ५,५०,२२८.०० | ८.४३ | ५९,७४,७७२.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | १९,७६,०००.०० | १५,८५,८१६.०० | ८०.२५ | ३,९०,१८४.०० |
| २२६१२ भ्रमण खर्च | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| २२७११ विविध खर्च | १९,२४,०००.०० | ७,६७,३५९.०० | ३९.८८ | ११,५६,६४१.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ५,००,०००.०० | १,५८,१८५.०० | ३१.६४ | ३,४१,८१५.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | १,४३,०२,०००.०० | २७,४०,०००.०० | १९.१६ | १,१५,६२,०००.०० |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | १,०८,२२,०००.०० | ७४,५८,४३९.०० | ६८.९२ | ३३,६३,५६१.०० |
| २५३१५ अन्य सस्था सहायता | १,७०,०००.०० | ०.०० | ० | १,७०,०००.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ७,५०,०००.०० | ५,९५,०००.०० | ७९.३३ | १,५५,०००.०० |
| २७२११ छात्रवृत्ति | १७,२१,०००.०० | ०.०० | ० | १७,२१,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | ६८,५०,०००.०० | २५,०७,५३१.०० | ३६.६१ | ४३,४२,४६९.०० |
| २७२१९ अन्य सामाजिक सहायता | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| २८१४२ घरभाडा | ६,४०,०००.०० | ३,९५,०००.०० | ६१.७२ | २,४५,०००.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | २,००,०००.०० | १५,५५५.०० | ७.७८ | १,८४,४४५.०० |
| पूंजीगत | १७,४७,१०,०००.०० | २,२२,५४,३७३.०० | १२.७४ | १५,२४,५५,६२७.०० |

शेरप्र[illegible]काल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

**चौरजहारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, रुकुम**
**कार्यालयको कोड : ८०६५९९४०२३००**

## आय व्ययको बिबरण

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/१२/१७

**आय**

| | | | | |
|---|---|---|---|---|
| ३२१२२ बैंक मौज्दात | २,०३,०५,०००.०० | २,६७,७१,३९५.१६ | १३१.८५ | (६४,६६,३९५.१६) |
| जम्मा | ६१,८४,२१,९४२.०० | ३९,९३,४६,७९७.०२ | ६४.५७ | २१,९०,७५,१४४.९८ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| ३१११११ आवासीय भवन निर्माण/खरिद | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ३,९५,८८,०००.०० | ६,४०,१७७.०० | १.६२ | ३,८९,४७,८२३.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,००,०००.०० | ९६,०००.०० | ९६ | ४,०००.०० |
| ३११२१ सवारी साधन | ५९,५०,०००.०० | ०.०० | ० | ५९,५०,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | ३८,३५,०००.०० | ८,६१,९८७.०० | २२.४८ | २९,७३,०१३.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ३१,००,०००.०० | ३,६४,३६८.०० | ११.७५ | २७,३५,६३२.०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १,८०,०००.०० | ०.०० | ० | १,८०,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | ४,७६,४७,०००.०० | ९०,०१,५३९.०० | १८.८९ | ३,८६,४५,४६१.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | १,४५,९७,०००.०० | ०.०० | ० | १,४५,९७,०००.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | ५५,६०,०००.०० | ०.०० | ० | ५५,६०,०००.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ५,१३,५३,०००.०० | १,१२,९०,३०२.०० | २१.९९ | ४,००,६२,६९८.०० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ३१४११ जग्गाप्राप्ति खर्च | ७,००,०००.०० | ०.०० | ० | ७,००,०००.०० |
| वित्तीय | १,२०,००,०००.०० | ०.०० | ० | १,२०,००,०००.०० |
| ३२१५२ अन्य संस्थामा शेयर लगानी | १,२०,००,०००.०० | ०.०० | ० | १,२०,००,०००.०० |
| जम्मा | ६१,८१,२१,९४२.०० | २५,३३,३७,५१२.४८ | ४०.९८ | ३६,४७,८४,४२९.५२ |